कार्यपालिकाबाट पारित मितिः २०८१/०३/०२

# प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना,**

नौमूले गाउँपालिकाद्धारा सञ्चालित योजना विकासका काममा तन्दुरुस्ती एवं चुस्तता ल्याउन पूर्वाधार विकास शाखा अन्तर्गत कार्यरत प्राविधिक कर्मचारीहरुको काममा थप हौसला प्रदान गर्न आवश्यक फिल्ड भत्ताको व्यवस्था गर्न आवश्यक कार्यविधिको आवश्यकता भएकाले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा गाउँपालिकाले प्रशासकीय कर्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ को अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "कार्यपालिका" भन्नाले नौमूले गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(ख) "कार्यालय" भन्नाले नौमूले गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले प्राविधिक कर्मचारीहरुको फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

(घ) "गाउँपालिका" भन्नाले नौमूले गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ङ) "प्राविधिक कर्मचारी" भन्नाले नौमूले गाउँपालिकाको पूर्वाधार विकास शाखामा कार्यरत देहाय बमोजिमका स्थायी, करार तथा ज्यालादारी कर्मचारीलाई सम्झनु पर्दछ ।

(अ) इन्जिनियर, अधिकृत स्तर

(आ) सब-इन्जिनियर (सहायक स्तर पाचौं)

(इ) (खा.पा.स.टे.) / असिस्टेन्ट सब-इन्जिनियर (सहाय स्तर चौथो)

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नौमूले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

**३. फिल्ड भत्ता उपलब्ध गराउन सक्ने :** गाउँपालिकको पूर्वाधार विकास शाखामा कार्यरत कर्मचारीहरुले फिल्डमा गइ काम गरे वापत कार्यालयले देहाय बमोजिम पद/तह/स्तर अनुसार एकमुष्ट मासिक फिल्ड भत्ता प्रदान गर्न सक्नेछ ।

| क्र.सं. | पद/तह/स्तएर | फिल्ड भत्ता |
|---|---|---|
| १ | इन्जिनियर (अधिकृत स्तर शाखा प्रमुख) | ८०००।- |
| २ | सब-इन्जिनियर (सहायक स्तर पाचौं) | ६०००।- |
| ३ | (खा.पा.स.टे.)/असिस्टेन्ट सब-इन्जिनियर (सहाय स्तर चौथो) | ४०००।- |

**४. फिल्ड भत्ता प्राप्त आधार पुरा गर्नु पर्ने :** (१) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले फिल्ड भत्ता प्राप्त गर्न देहाय बमोजिम आधार पुरा गर्नुपर्नेछ :-

(क) प्राविधिक कर्मचारी मासिक रुपमा कार्यालयमा हाजिर भइ काम गरेको हुनु पर्नेछ,

(ख) कार्यालयले जुनसुकै अवस्थामा काममा खटाउँदा काम गरेको हुनु पर्नेछ,

(ग) प्राविधिक कर्मचारीहरुले मासिक रुपमा काम गरेको विवरण शाखा प्रमुखले तयार गरि प्रशासन शाखा मार्फत पेस गर्नु पर्नेछ ।

(२) उपदफा (१) (ग) बमोजिम विवरण प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत गर्नु पर्नेछ ।

**५ रकम व्यवस्थापन सम्बन्धी व्यवस्था :** यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीहरुले पाउने फिल्ड भत्ताको रकम आयोजना व्यवस्थापन खर्च र आन्तरिक श्रोतबाट व्यवस्थापन गर्नुपर्नेछ ।

**६. भुक्तानी विधि :** प्राविधिक कर्मचारीहरुले यस कार्यविधि बमोजिम प्राप्त गर्ने फिल्ड भत्ता कार्यालयले कर्मचारीहरुले पाउने तलवमा प्राविधिक फिल्ड भत्ता समावेश गरि मासिक रुपम उपलब्ध गराउनेछ ।

(२) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि आ.व.२०८० को श्रावण महिना देखि फिल्ड भत्ता वापतको रकम प्रदान गरिनेछ ।

३) प्रत्यक आर्थिक बर्षमा नेपाल सरकारको निर्णय अनुसार राष्ट्र सेवक कर्मचारिहरुको तलब थपघट भएमा  कार्यबिधि अनुसार प्रदान गरिने फिल्ड भत्ता असर पर्ने छैन।

**७. कार्यविधिमा संशोधन** : यस कार्यविधि अर्को व्यावस्था नभए सम्म  लागु भईरहने छ र यस कार्यविधिमा आवश्यक संशोधन गर्नु परेमा गाउँकार्यपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ।

**८. स्वतः खारेज हुने :** यो कार्यविधि तथा यस कार्यविधिका दफा तथा उपदफा संघ तथा प्रदेश कानुसँग बाझिएमा बाझिएको हद सम्म स्वतः खारेज भएको मानिनेछ ।